
**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस् !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौ १९ गते आइतबार ❑ 4 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## एमाले उपमहासचिव गुरुङ लमजुङ प्रदेश (ख) बाट सिफारिस

**पोखरापत्र संवाददाता**

**लमजुङ, १८ भदौं**

नेकपा (एमाले) का केन्द्रीय उपमहासचिव एवं गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ आगामी निर्वाचनका लागि प्रत्यक्षतर्फ लमजुङ प्रदेश (ख) बाट सिफारिस हुनुभएको छ । नेकपा (एमाले) लमजुङको शनिबार बैंसीसहरमा आयोजित पाँचौं पूर्ण बैठकले गुरुङलाई प्रदेशमा उठाउने निर्णय गरेको हो ।




उक्त बैठकले गुरुङसहित एमाले जिल्ला अध्यक्ष रहनुभएका कृष्णप्रसाद अधिकारीलाई पनि सिफारिस गरेको छ। यसअघिको निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदवार कृष्णप्रसाद कोइरालालाई आठ हजार ६६ मतअन्तरले हराउँदै वाम गठबन्धनका उम्मेदवार बन्नुभएका गुरुङ प्रदेश सदस्यमा निर्वाचित हुनुभएको थियो । गुरुङले २३ हजार एक सय ८८ मत प्राप्त गर्नुभएको थियो ।

क्षेत्र (क) को प्रत्यक्षतर्फ एमाले गण्डकी प्रदेश कमिटीका सचिव एवं प्रदेशसभा सदस्य धनञ्जय दवाडी, राजकुमार विष्ट र जीतबहादुर गुरुङको नाम सिफारिस गरेको छ । यसअघि प्रदेश (क) बाटै दवाडी निर्वाचत हुनुभएको थियो । एकमात्र प्रतिनिधिसभा क्षेत्र रहेको लमजुङमा प्रत्यक्षतर्फ एमालेबाट केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य जमिन्द्रमान घले र जिल्ला पार्टी सचिव सुभास पौडेलको नाम सिफारिस भएको छ । विसं २०७० मा लमजुङ क्षेत्र नं १ बाट नेपाली कांग्रेस लमजुङका नेता डा टकराज गुरुङलाई हराउँदै घले संविधानसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । प्रतिनिधिसभा समानुपातिकतर्फ केन्द्रीय सदस्य टुकाभद्र हमाल, कल्पना थापा, प्रेमबहादुर दुराको नाम सिफारिस भएको छ । प्रदेश (क) र (ख) मा समानुपातिकतर्फ- प्रेमबहादुर घले, मोहनहरि पौडेल, महेन्द्रलाल श्रेष्ठ, बमबहादुर थापा, फूलबहादुर थापा, नन्दराम विक, रञ्जित कुमाल, अमृत तामाङ, रामहरि दवाडी, गणेश पाण्डे, लक्ष्मी अधिकारी, यशोदा रिमाल, शान्ता भुजेल, लोका अधिकारी र राममाया थापा मगरको नाम सिफारिस गरेको छ।

## मुख्यमन्त्री पोखरेल र पाकिस्तानी राजदूतबीच भेटवार्ता

**पोखरापत्र संवाददाता**

**पोखरा, १८ भदौं**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र नेपालका लागि इश्लामिक गणतन्त्र पाकिस्तानका राजदूत शैयद हैदर शाहबीच शुक्रबार भेटवार्ता भएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा मुख्यमन्त्री पोखरेलले नेपाल र पाकिस्तानबीचको सम्बन्ध जनस्तरसम्म सदृढ रहेको भन्दै शिक्षा, स्वास्थ्य र पर्यटनका क्षेत्रमा द्विपक्षीय सहकार्य अझै बढाउनुपर्नेमा जोड दिनुभयो । त्यस क्रममा मुख्यमन्त्री पोखरेलले दुई देशबीचको आर्थिक तथा व्यापारिक सम्बन्ध पनि मजबुत रहेको बताउनुभयो । पारस्पारिक, क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चमा नेपाल र पाकिस्तानबीच हुँदै आएका समन्वय र सहकार्य उल्लेखनीय रहेको उहाँको भनाइ थियो । मुख्यमन्त्री पोखरेलले पाकिस्तानमा हालै बाढीबाट हुन गएको धनजनको क्षतिप्रति दुःखसमेत व्यक्त गर्नुभयो । मुख्यमन्त्री पोखरेलसँगको भेटपछि पत्रकारसँग कुराकानी गर्दै राजदूत शाहले पहिलो पोखरा भ्रमणबाट आफू रोमाञ्चित भएको प्रतिक्रिया दिनुभयो । पोखराको नाम धेरै सुनेको र पहिलोपटक आउँदा यहाँको सुन्दरताले लोभिएको उहाँको भनाइ थियो । उहाँले दुई देशका जनताबीचको सम्बन्ध समुधुर रहेको उल्लेख गर्नुभयो । राजदूत शाहले दुई देशबीच पर्यटन, शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तनलगायत मुद्दामा सहकार्य अझ बढाउनुपर्नेमा जोड दिनुभयो । नेपाली विद्यार्थी अध्ययनका लागि पाकिस्तान जाने गरेका उल्लेख गर्दै राजदूत शाहले छात्रवृत्ति कोटा थप्दै जाने बताउनुभयो । उहाँले कोभिड-१८ महामारी, भूकम्प जस्ता विपद्का घडीमा नेपाल र पाकिस्तानबीच मित्रवत् सहकार्य भएको स्मरण गर्नुभयो । जलवायु परिवर्तनले नेपाल र पाकिस्तान जस्ता देशमा ठूलो असर निम्ताइरहेको भन्दै त्यसको न्यूनीकरणका लागि साझा पहल र सहकार्य जरुरी रहेकामा राजदूत शाहले जोड दिनुभयो। नेपाल र पाकिस्तानबीच मैत्रीपूर्ण सम्बन्धले छ दशक पार गरिसकेको छ। दुवै देशले वित्तीय क्षेत्र, कृषि, पशुपालन, ऊर्जा, स्वास्थ्य, शिक्षा, संस्कृति, पर्यटन, सूचना, प्रविधिलगायत क्षेत्रमा सहकार्य गर्दै आएका छन् ।

## बेगनासतालका डुङ्गा व्यवसायीमा पलाउँदै आशा

**पोखरापत्र संवाददाता**

**पोखरा, १८ भदौं**

सार्वजनिक बिदाका दिन आन्तरिक पर्यटक बढेसँगै बेगनासका डुङ्गा व्यवसायीमा आशा जगाएको छ । कास्कीको लेखनाथस्थित बेगनास तालका डुङ्गा व्यवसायीमा बर्षा निख्रिनै लागेसँगै आउँदा दिनमा पर्यटक बढ्न सक्ने भन्दै यस्तो आशा जाग्न थालेको हो ।

कोरोनाकै कारण साढे दुई वर्षदेखि थला परेको डुङ्गा व्यवसाय असोजबाट केही मात्रामा सुधार हुने आशामा व्यवसायी छन् । बेगनास ताल डुङ्गा व्यवसायी समितिका पूर्वअध्यक्ष ढकनाथ कँडेलले यतिबेला बर्सातको समय भएकै कारण पर्याप्त मात्रामा पर्यटक नआएपछि अव दशैं-तिहारमा बाहिरी जिल्लाका पर्यटक बढे भने व्यवसायीलाई राहत मिल्ले बताउनुभयो ।

विशेष गरी शनिबार र बिदाका दिनमा बेगनास ताल वरपर आन्तरिक पर्यटकको चहलपहल सुरु भएको छ। आन्तरिक पर्यटक नौका विहार र माछाका परिकार खान बेगनास आउने गर्छन । माछाका परिकारका लागि बेगनास ताल वर्षौंदेखि प्रसिद्ध मानिँदै आएको छ । अर्का व्यवसायी शोभाखर कँडेलका अनुसार कोरोना अघि नौका बिहार गर्न स्वदेशी तथा विदेशी पर्यटक खचाखच हुने गरेकोमा अहिलेती दिन सम्झना मात्र रहेको बताउनुहुन्छ ।

कोरोनाका कारण यहाँ कार्यरत २५ प्रतिशत डुङ्गा व्यवसायी विस्थापित भएको र केही डुङ्गा व्यवसायी विदेश र कतिपयले अन्य व्यवसाय रोजेको डुङ्गा व्यवसायी समितिले जनाएको छ । यति बेला सबै डुङ्गा सञ्चालनमा छैनन्, आलो पालो चलाउने गरिन्छ । पोखराकै दोस्रो ठूलो ताल तीन सय ७३ हेक्टर क्षेत्रफलमा फैलिएको बेगनासमा दुई सय ४९ डुङ्गा सञ्चालनमा रहेको समितिले जनाएको छ । बस्ती नभएकै कारण तालको पानी सफा भएकाले पोखराको फेवामा भन्दा बेगनासमा नै डुङ्गा चढ्न अन्तरिक एवं बाह्य पर्यटक मन पराउछन् । "स्वास्थ्य सुरक्षाका मापदण्ड पूरा गरेर डुङ्गा सञ्चालन गर्ने गरेका छौं", डुङ्गा व्यवसायी राम कोइराला भन्नुहुन्छ । बेगनास तालमा एक घण्टा नौका विहार गरेबापत व्यवसायीले रु छ सय र पाइडलबोटको रु एक हजार लिने गरिएको छ। डुङ्गाबाट ताल वरपरका जङ्गल, बेगनास तथा माझठाना गाउँ, अन्नपूर्ण हिमशृङ्खला, कालिकाको ठूलाकोट, तथा बेगनासको सुन्दरीडाँडाको मनोहर दृश्यावलोकन गर्न सकिन्छ । बेगनास तालमा विसं २०३७ देखि व्यावसायिकरुपमा डुङ्गा सञ्चालन हुँदै आएको हो । पैतीस वर्षदेखि डुङ्गा व्यवसाय सञ्चालन गर्दै आउनुभएका शोभाखर कँडेल भन्नुहुन्छ, "विसं २०५३ अघिसम्म गाउँगाउँमा सडक नखुल्दा यहाँको डुङ्गा व्यवसायका रुपमा मात्र थिएन । कास्कीको बेगनास, माझठाना, सैमराङ, भाचोक, मिजुरे र लमजुङको पर्यटकीय पसगाउँवासीले डुङ्गामार्फत छोटो बाटोको रुपमा यो ताल प्रयोग गर्दै आएका थिए ।

## शिक्षा र स्वास्थ्यको जिम्मा सरकारले लिनुपर्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**

**दमौली, १८ भदौं**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले शिक्षा र स्वास्थ्यको जिम्मा सरकारले लिनुपर्ने बताउनुभएको छ। तनहुँको व्यास नगरपालिका-१ भादगाउँस्थित आदिकवि भानुभक्त क्याम्पसको शनिबार आयोजित ३६औं वार्षिकोत्सव तथा ११औं साधारणसभाको उद्घाटन गर्दै उहाँले संविधानमा नै समाजवाद उन्मुख लेखिएकाले शिक्षा र स्वास्थ्यको जिम्मेवारी सरकारले लिनुपर्ने बताउनुभयो ।

देशलाई काम गर्ने जनशक्ति आवश्यक भएको उल्लेख गर्दै नेता पौडेलले सीपवान नागरिक तयार गर्ने खालको शिक्षा अहिलेको आवश्यकता रहेको औंल्याउनुभयो। आदिकवि भानुभक्त क्याम्पसलाई प्राविधिक क्याम्पसको रुपमा रुपान्तरण गर्नुपर्ने उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "सीपवान नागरिक उत्पादन गर्नुपर्छ, त्यसका लागि प्राविधिक शिक्षाको खाँचो छ । आदिकवि क्याम्पस अब उक्त बाटोमा अगाडि बढ्नुपर्छ ।" वरिष्ठ नेता पौडेलले मुलुकको नेतृत्व गर्ने इच्छाशक्ति आफूमा रहेकाले अहिल्यै सक्रिय राजनीतिबाट विश्राम नलिने बताउनुभयो। "सक्रिय राजनीतिबाट म अहिल्यै उन्मुख हुन्न", उहाँले भन्नुभयो । कार्यक्रममा तनहुँ क्षेत्र नं १ का सांसद एवं पूर्वमन्त्री कृष्णकुमार श्रेष्ठ, गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोवाटे विक, प्रदेश सांसद सरिता गुरुङ, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, नेकपा एमाले तनहुँका अध्यक्ष एवं म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, नेपाली कांग्रेसका उपसभापति देवकुमार श्रेष्ठ, क्याम्पस सञ्चालक समितिका अध्यक्ष ब्रम्हदत्त तिमिल्सिनालगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । सो अवसरमा क्याम्पस स्थापनाकालदेखि सहयोग पुऱ्याउनुहुने पूर्वराज्यमन्त्री अमरराज कैनी, तमबहादुर दरै र दामोदर खनाललाई सम्मान गरिएको थियो। हाल उक्त क्याम्पसमा तीन हजार एक सय विद्यार्थी अध्ययनरत छन् ।

## मतसँगै मन पनि माग्दै प्रजापति समूह

**पोखरापत्र संवाददाता**


**पोखरा, १८ भदौं**

पोखरा उद्योग वाणिज्य संघको आसन्न ३४ औं महाधिवेशनमा अध्यक्षको प्रत्यासी रहेका पवनकुमार प्रजापतिले उद्योगी व्यवसायीहरुको घरदैलोमा पुगेर आफूलाई मत मात्र नभएर मन पनि दिन मतदाताहरुसमक्ष आग्रह गरेका छन् । उद्योगी व्यवसायीको मत त स्वभाविक रुपमा आफूलाई नै आउने विश्वास गर्दै उनले नेतृत्वमा रहेर काम गर्नका लागि मनैदेखि सहयोग गर्न उद्योगी व्यवसायीहरुसमक्ष अनुरोध गरेका हुन् ।



'घरदैलोको क्रममा म लगाएको मेरो टिमप्रति उद्योगी व्यवसायीहरुको जुन विश्वास देखिएको छ, त्यसलाई आधार मानेर हेर्दा मैले प्रशस्तै मत पाउने कुरामा दुईमत छैन ।' प्रजापतिले भने -'तर म निर्वाचित भएर काम गर्नलाई उहाँहरुले मलाई मनैदेखि सहयोग पनि गर्नुपर्छ भन्ने म चाहन्छु । त्यसैले मैले हरेक व्यवसायीलाई आफूले मतसँगै मनदेखिको सहयोग पनि मागेको छु ।' प्रजापतिले आफू र आफ्नो टिम निस्वार्थ रुपमा संघको जीवन्तता र उद्योगी व्यवसायीको लागि अभियन्ता बनेर काम गर्नका लागि चुनावी मैदानमा होमिएको बताए । विभिन्न १७ बुंदे घोषणापत्रसहित चुनावी प्रतिस्पर्धामा उत्रिएको प्रजापति समूहले शनिबार मनोनयन दर्ता गरिसकेको छ। मनोनयन दर्ताका लागि पोखरा उद्योग वाणिज्य संघमा पुगेको समूहलाई ठुलो संख्यामा मतदाता उद्योगी व्यवसायीहरुले स्वागत गरेका थिए । साथै मनोनयन दर्ताको क्रममा पोखरा उद्योग वाणिज्य संघ परिसरमा पुगेका उद्योगी व्यवसायीहरुले पवन प्रजापति समूहलाई जितको अग्रिम शुभकामना समेत दिएका थिए । मनोनयन दर्तापश्चात प्रजापति समूह घरदैलोका लागि हेमजातर्फ लागेको थियो। हेमजाको मिलनचोक, सुईखेत लगाएतका स्थानका उद्योगी व्यवसायीहरुलाई प्रत्यक्ष भेट गरि आफ्नो पक्षमा मत मागेको टोली त्यसपछि लेकसाईडका व्यवसायीहरुको घरदैलोमा पुगेको थियो । अधिवेशनको समय नजिकईरहँदा प्रजापति समूहले प्रचारलाई पनि उस्तै तिव्रता दिएको छ। नयाँ पुस्ताका सदस्य पदाधिकारीसहित पाका व्यवसायीहरुसमेत अटाएको यो समूहलाई लिएर उद्योगी व्यवसायीहरुपनि बढि नै आशाबादी देखिएका छन् ।

अध्यक्ष प्रत्यासी प्रजापतिको समूहमा वरिष्ठ उपाध्यक्षमा गोकर्ण कार्की, उपाध्यक्ष उद्योग तर्फ हिरामणी पण्डित, उपाध्यक्ष वाणिज्यतर्फ उत्तममान बुद्धाचार्य, महासचिवमा बलराम आचार्य, कोषाध्यक्षमा दिनेशचन्द्र बाँस्तोला र उपमहासचिवमा शोभा गौतमले उम्मेदवारी दिएका छन् । त्यस्तै सदस्य पदका लागि प्रभा सुवेदी बालकृष्ण कोईराला, विनोद केसी, भीम गौतम, मनोजकुमार श्रेष्ठ, यमनाथ तिमिल्सिना, रामचन्द्र शर्मा, ललित कुँवर, सुदिप ओझा र सुदिप प्रधानांग प्रत्यासी छन् ।

# खेलकुद पत्रकार मञ्च गण्डकीमा १९ जना सदस्य थपिए

पोखरापत्र संवाददाता
पोखरा, १८ भदौं

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीमा १९ जना सदस्य थप भएका छन् ।

मञ्चको शनिबार पोखरा रंगशालाको मिडिया सेन्टरमा बसेको चौधौं बैठकले यो निर्णय गरेको हो । मञ्चका महासचिव राजाराम पौडेलले दिएको जानकारी अनुसार सदस्य बन्नका लागि ३० जना पत्रकारले आवेदन दिएका थिए । उनीहरुमध्येबाट प्राप्त कागजात सहितको विवरण र सक्रियताको आधारमा १९ जना सदस्य छनोट गरिएको हो । यसरी छानिनेमा अनुप पौडेल, कृष्ण प्रसाद दवाडी, गीता राना, चेत बहादुर थापा प्रविन, धन बहादुर गुरुङ सुमन, परशुराम शर्मा, गोविन्द थापा सिञ्जाली, फडिन्द्र अकिञ्चन, बस बहादुर शेर्पा बसन्त, बाल कुमारी पौडेल तारा, बिजय नेपाली, रिखिराम जिसी, राधिका कँडेल, राम गुरुङ, विमल तिवारी, शुसान्त गाहा मगर अर्जुन, सञ्जय कुमार मल्ल, सञ्जय रानाभाट र सविन रेग्मी रहेको महासचिव पौडेलले जनाए । नयाँ सदस्यताको लागि मञ्चले गत साउन २१ गतेबाट भदौ ४ गतेसम्म आवेदन खुल्ला गरेको थियो । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी खेलकुद बिटमा कलम चलाउने पत्रकारको संस्था हो । खेलकुद क्षेत्रमा कलम चलाउने पत्रकारहरु संगठित बनी २०५७ सालमा नेपाल खेलकुद पत्रकार मञ्च कास्की गठन भएको थियो । पछि २०७५ सालमा गण्डकी प्रदेशका खेलपत्रकारलाई समेट्ने उद्धेश्यले नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी दर्ता भएको हो । यसअगाडि मञ्चमा गण्डकी प्रदेशका ५५ जना पत्रकार आवद्ध भएकोमा अब मञ्चमा आवद्ध पत्रकारको संख्या ७४ पुगेको छ । मञ्चले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्टस् अवार्ड गर्दै आएको छ । गण्डकी प्रदेशको कास्की बाहेकका जिल्लाको लागि अर्को चरणमा सदस्यता प्रदान गरिने मञ्च अध्यक्ष दीननाथ बरालले बताए ।

# पृथ्वीधर सिग्देल समाजको अध्यक्षमा अर्जुन

पोखरापत्र संवाददाता
पोखरा, १८ भदौं

पोखरा महानगरपालिका वडा नं १३ स्थित पृथ्वीधर सिग्देल समाजको छैटौ वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनले अर्जुन सिग्देललाई अध्यक्षमा चयन गरेको छ ।



शनिवार भएको अधिवेशनले उपाध्यक्षमा केदारराज सिग्देल, सचिवमा मैया सिग्देल, कोषाध्यक्षमा रमाकान्त सिग्देल चयन भए । समाजको सदस्यहरुमा क्रमश गायत्री सिग्देल, पार्वती पराजुली सिग्देल, कुशल सिग्देल, सन्तोष सिग्देल र शुशिल सिग्देल रहेका छन् । कार्यक्रममा उपस्थित सिग्देल दाजु भाइ तथा दिदी वहिनी मध्ये जेष्ठ सदस्य दुर्गाप्रसाद सिग्देल कार्यक्रमको उद्घाटन गरेका थिए। कार्यक्रममा पृथ्वीधर सिग्देल समाजकी सदस्य कृति सिग्देल र भद्रकाली माविमा कक्षा १२ मा पत्रकारिता अध्ययनरत खुसी मगरले प्रस्तुत गरेका नृत्यले उपस्थित सवैलाइ मन्त्रमुग्ध परेका थिए । पृथ्वीधर सिग्दल समाजका अध्यक्ष गोविन्द प्रसाद सिग्देलको अध्यक्षतमा भएको कार्यक्रममा समाजका पूर्व अध्यक्ष शरदकान्त सिग्देल, महिला तथा वाल कल्याण कुञ्जका पूर्व अध्यक्ष मैया सिग्देल, पूजा व्यवस्थापन समिति एवं कार्यसमितिका सदस्य सरस्वती सिग्देल लगायत वोलेको कार्यक्रममा समाजका उपाध्यक्ष शोभाषचन्द्र सिग्देलले स्वागत र सचिव अर्जुन सिग्देलले संचालन गरेका थिए ।

कार्यक्रममा सचिव अर्जुन सिग्देल र कोषाध्यक्ष केदारराज सिग्देलले प्रस्तुत गरेको प्रगति विवरण पारीत भएको छ । त्यसैगरी स्नातक तहदेखि विद्यावारिधी उत्तीर्ण गरेका समाजका सदस्यहरुलाई सोही दिन सम्मान गरियो ।

# विपि मार्ग 'ख' टोल विकास संस्थाको अध्यक्षमा श्रेष्ठ

पोखरापत्र संवाददाता
पोखरा, १८ भदौं

पोखरा महानगरपालिका वडा नं १३ स्थित विपि मार्ग 'ख' टोल विकास संस्थाको नवौ साधारण सभा तथा तेश्रो अधिवेशनले सम्मर वहादुर श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।



शनिवार भएको अधिवेशनले उपाध्यक्षमा लिलावती घिमिरे, सचिवमा मिना वाग्ले, कोषाध्यक्षमा हेमन्तमान श्रेष्ठ चयन भए । त्यसैगरी सदस्यहरुमा क्रमश सागर क्षेत्री, खेमराज भण्डारी, हुम वहादुर रोका, शिव श्रेष्ठ, इन्द्रकला श्रेष्ठ, महेश कोइराला, पार्वती गुरुङ, उत्तम श्रेष्ठ, सुरेन्द्र श्रेष्ठ र मदन श्रेष्ठ रहेका छन् । वडा नं १३ का वडा अध्यक्ष किरण वरालले अधिवेशनको उद्घाटन गर्दै यस संस्था वरिपरि रहेका टोल विकास संस्था, आमा समुह र युवा समुहलाइ एकै स्थानमा बस्ने वातवरण जसरी पनि मिलाउने वचन वद्धता दिए । विपि मार्ग ख टोल विकास संस्थाका अध्यक्ष लक्ष्मण श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठ, नारायण गुरुङ, राजेन्द्र भण्डारी , शान्ति टोल विकास संस्थाका अध्यक्ष डा. दिपक सुवेदी, विपि मार्ग 'ख' टोल विकास आमा समुहका अध्यक्ष सिता कोइराला, लगायत वोलेको कार्यक्रममा संस्थाका सदस्य मिना वाग्लेले स्वागत र सचिव किशन भण्डारीले संचालन गरेक थिए। कार्यक्रममा सचिव किशन भण्डारी र सल्लाहकार पुरुषोतम घिघिरेले प्रस्तुत गरेको कोषाध्यक्षको प्रतिवेदन पारीत भएको छ ।

# पोखराका पत्रकार श्रेष्ठ घरभाडा सरोकार समितिबाट सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, १८ भदौं

पोखराका क्रियाशील पत्रकार सन्देश श्रेष्ठ नेपाल राष्ट्रिय घरभाडा सरोकार समिति कास्कीबाट सम्मानित हुनुभएको छ ।

समितिको शनिबार पोखरामा सम्पन्न १५ औं साधारणसभा तथा पाँचौ अधिवेशनका अवसरमा पत्रकारिताका माध्यमबाट समाज रुपान्तरणमा भूमिका खेलेको भन्दै उहाँलाई नगद रु १० हजार १००, दोसल्ला र प्रसंसापत्रबाट सम्मान गरिएको हो । नेपाल घरबहाल सरोकार महासंघका केन्द्रीय अध्यक्ष बलभद्र खनाल,घरभाडा सरोकार समिति कास्कीका अध्यक्ष कमल न्यौपाने लगायतले पत्रकार श्रेष्ठलाई सम्मान गर्नुभयो ।

पत्रकार श्रेष्ठ विगत दुई दशकदेखी पोखरामा रहेर पत्रकारिता गर्दै आउनुभएको छ।



उहाँ हाल नागरिक दैनिक तथा एभेरष्ट एफएम र एभरेष्ट आवाज अनलाईनमा आवद्ध हुनुहुन्छ । संस्थाले पोखरामा क्रियाशील एक जना पत्रकारलाई अधिवेशनका समयमा सम्मान गर्दै आएको छ । कार्यक्रममा नेपाल घरबहाल सरोकार महासंघका अध्यक्ष खनालले राज्यले घरबहाल कर निर्धारण गर्नुपर्ने बताउँदै घरबहाल कर नतोक्दा घरधनीले आफूखुशी तरिकाले घरभाडा लिने र कर भने नतिर्ने गरेको बताउनुभयो ।

"घरभाडामा बस्नेलाई गोदेर लिने अनि राज्यलाईचाहिं नतिर्ने प्रवृत्ति छ । त्यसैले राज्यले मालपोत कर लिएजस्तै राज्यले घरबहाल करपनि तोकोस् ।" खनालले भन्नुभयो । अध्यक्ष खनालले घरबहाल सम्बन्धी एकीकृत कानून निर्माण गर्नुपर्ने आवश्यक्ता औंलयाउदै संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारलाई ज्ञापनपत्र बुझाउँदापनि सुनुवाई नभएको बताउनुभयो । घरबहालमा देखिएको विकृति, विसंगति तथा घरधनी र घरभाडामा बस्नेबीच देखिएको समस्या समाधानका लागि घरबहाल सम्बन्धी कानून आवश्यक परेको उहाँको भनाई छ। अध्यक्ष खनालले घरबहालमा बस्नेलाई राज्यले दोश्रो दर्जाको नागरिकका रुपमा हेर्ने गरेको र कोरोनाकाल लगायतका समस्यमा पर्दा राज्यले राहत नदिएर विभेद गरेकोसमेत उल्लेख गर्नुभयो । नेपाल राष्ट्रिय घरभाडा सरोकार समिति कास्कीका अध्यक्ष कमलप्रसाद न्यौपानेले घरभाडा सरोकार समिति घरधनी र घरभाडामा बस्ने दुबैको साझा संस्था भएको बताउनुभयो ।

कार्यक्रममा कोरोना महामारीका समयमा घर बहालमा बस्नेलाई एक वर्षको घरभाडा रु छ लाख ६० हजार मिनाह गर्नुभएका पोखरा-९ निवासी चन्द्रमान गुरुङ र संस्थाका सचिव नारायण सुवेदीलाई पनि प्रसंसापत्रबाट सम्मान गरिएको थियो ।

# 'मनोनयन दर्तापछि झनै उत्साह बढ्यो' अर्जुन समुह

पोखरापत्र संवाददाता
पोखरा, १८ भदौं

पोखरा उद्योग वाणिज्य संघको नेतृत्वका लागि अर्जुन पोखरेल प्यानलले शुक्रबार मनोनयन दर्ता गरेको छ । ३४ औं महाधिवेसनका लागि पोखरेलले सबै पदमा उम्मेद्वार तयार गरेका छन् । उम्मेद्वारी औपचारिक रुपमा दर्ता गरेपछि अभियानमा झनै उत्साह थपिएको प्यानलका उम्मेद्वारहरु बताउँछन् । 'पहिले सहायक पदका लागि उम्मेद्वारी दिएर चुनावमा होमिएको थिएँ । अहिले नेतृत्वका लागि तयारी गरेको छु,' अध्यक्षका उम्मेद्वार पोखरेलले भने, 'टीम लिएर मनोनयन दर्ता गरेपछि उत्साह बढेको छ । चुनाव जित्ने विश्वास थपिएको छ ।' गण्डकी क्षेत्रकै जेठो सामाजिक संस्थाको नेतृत्वमा दावी गर्दा उर्जा मिलेको उनले सुनाए ।

'मतदाता भेट्छु, उर्जा मिल्छ । २०११ सालदेखि अग्रजहरुले जोगाएको विरासत कायम गर्दै आफ्नो तर्फबाट अझ नयाँ काम गर्ने अठोट लिएको छु,' उनले अघि भने, 'पोखरा उद्योग वाणिज्य संघलाई नयाँ उचाईमा पुऱ्याउने विश्वास लिएको छु । विगतका चुनाव भन्दा मेरा लागि विल्कुल फरक अनुभव भैरहेको छ ।' उनको प्यानलबाट बरिष्ठ उपाध्यक्षमा हरिहर सापकोटा, उद्योग उपाध्यक्षमा देवेन्द्र केसी, वाणिज्य उपाध्यक्षमा कुमारी मुना बास्तोला, महासचिवमा




केशव बहादुर खत्री, कोषाध्यक्षमा हरिराज पन्त र उपमहासचिवमा हर्क बहादुर अधिकारी (मिरज) ले उम्मेद्वारी दर्ता गराएका छन् । यस्तै, सदस्यहरुमा भरत केसी, कृष्ण प्रसाद कोइराला, धर्मेन्द्र कुमार बाटाजु, माधव बस्ताकोटी, उदय बहादुर केसी (लाहुरे दाइ), दिलिप कुमार श्रेष्ठ, दुर्गा रन्जित श्रेष्ठ र हिमनिधि लौडारीले उम्मेद्वारी दर्ता गराए । महेन्द्रपुल स्थित सचिवालयबाट ब्यानर र ऱ्याली सहित उद्योग वाणिज्य संघ गएको थियो । ऱ्यालीमा पोखराका उद्योगी व्यावसायीको पनि साथ थियो । उम्मेद्वारी दर्तापछि पोखरेल प्यानल पुनः घरदैलोमै मतदाता भेट्न पुगेका छन् । शुक्रबार विहान पृथ्वीचोक क्षेत्रमा घरदैलो गरेको टोलीले साँझ लेकसाइडमा घरदैलो गरेको हो ।

चुनावको मिति नजिकिएकोले मतदातालाई भेटेरै गुनासो सुन्ने र मत माग्ने काममा ब्यस्त भएको बरिष्ठ उपाध्यक्ष उम्मेद्वार सापकोटाले बताए। 'अब केही दिन छ। सकेसम्म धेरै मतादाता भेटेर आफ्ना एजेण्डा सुनाउनुपर्ने छ,' उनले भने, 'प्रत्यक्ष रुपमै भेटेर मत माग्दा उनीहरुको समस्या पनि सुन्न पाइन्छ । भोली संघमा पुगेपछि उद्योगी व्यवसायीकै समस्या समाधान गर्न लाग्नुपर्छ ।'

उद्योग तर्फका उपाध्यक्ष उम्मेद्वार देवेन्द्र केसीले पोखरेली उद्योगी व्यावसायी कै हक हित र समस्यामा आफ्नो समूह नजिक भएर काम गर्ने बताए । 'अहिले प्रतिशर्धाको मोर्चामा छौं । जितेपछि काम गर्ने उद्योगी व्यवसायीकै लागि हो,' उनी भन्छन्, 'सामाजिक संस्थामा समाजसेवाको काम नै गर्न आउने हो । चुनावमा गरिएका प्रतिबद्धता पूरा गर्न लागि पर्छौं ।' वाणिज्य तर्फकी उपाध्यक्ष कुमारी मुना बास्तोलाले पदाधिकारी तहमा महिला नेतृत्वको खाँचो रहेकोले आफुले उम्मेद्वारी दिएको बताइन् । 'अधिकांश चुनावमा महिला पदाधिकारी हुँदैनन् । मैले यो हिम्मत गरेको छु,' उनले भनिन्, 'म महिला मात्रै भएर होइन, पोखरेली उद्योगी व्यवसायीका साझा उम्मेद्वार भएर प्रतिशर्धामा छु ।' विशेषगरी महिला उद्योगी व्यवसायीहरुको क्षमता अभिवृद्धीको लागि आफुले बढी पैरवी गर्ने उनको भनाई छ ।

महासचिवका उम्मेद्वार केशवबहादुर खत्रीले पहिलेको मनोनयन दर्ताभन्दा यो पटक बढी उत्साहपूर्ण रहेको प्रतिक्रिया दिए । 'सबै केही गर्न सक्छु भनेर आएका साथीहरु छौं । युवाहरुको जोश छ, अनुभवीलाई पनि समेटेका छौं,' उनले भने, 'समावेशी हिसावले पनि हाम्रो टीम राम्रो देखिएको छ । बजारले उत्साह दिएको छ ।' आफ्नो प्यानलले संघको गरिमा उचो राख्ने गरी संघमा काम गर्ने बताए ।

कोषाध्यक्ष तर्फका उम्मेद्वार हरिराज पन्त संघलाई सबैको साझा संस्था बनाउने बताउँछन् । 'सानो लागानीबाट व्यवसाय सुरु गर्नेदेखि ठुलो लगानी गर्ने सबै व्यवसायीहरुको साझा संस्था बनाउने छौं । सबै पोखरेलीको साझा घरका रुपमा संस्थालाई स्थापित गरिने छ,' उनले भने, 'विजयी भएर आएपछि कुनै पनि विभेद हुन दिने छैनौं । सबैलाई समान ठानेर समस्या समाधानमा जोड दिने छौं ।' उप महासचिव पदका उम्मेद्वार हर्क बहादुर अधिकारी 'मिरज' ले संघको सचिवालयलाई सुदृढीकरण गर्दै सदस्यहरुको घरमै सेवा पुऱ्याउने प्रणालीको विकास गर्ने बताए । उनले डिजिटल सेवालाई प्रोत्साहन गर्ने बताएका छन् ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

**सम्पादकीय**

# 'माटो जोगाऔं' अभियान

विश्वप्रसिद्ध सद्गुरु, जग्गी वासुदेवको 'माटो जोगाऔं' अभियानअन्तर्गत नेपाल सरकारसँग सम्भौता भएको छ। नेपाल सरकारको तर्फबाट वन तथा वातावरण मन्त्री र कृषि तथा पशुपक्षी विकास मन्त्रालय र माटो जोगाऔं अभियानबीच ललितपुरस्थित गोदावरी सनराइज सम्मेलन केन्द्रमा शुक्रबार हस्ताक्षर भएको छ। माटो जोगाएर पृथ्वीको खेतीयोग्य माटोमा जैविक शक्ति बढाउनका लागि सद्गुरुको विश्वव्यापी अभियानमा नेपाल जोडिएको छायो अभियानमा जोडिन पाउनु नै सकारात्मक हो। माटो विनाश हुनबाट जोगाउन तत्काल नीतिगत पहलका लागि जनचेतना जगाउन र राजनीतिक सहमति निर्माण गर्न योजना छ ईशा फाउन्डेसनको पहलमा सहकार्य गरेर जान सकिने छ।

सद्गुरुको अभियान ३० हजार किलोमिटर यात्रालाई सम्मान गर्न र सघाउन नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयमार्फत देशभरिमा ३० हजार वृक्षरोपण गर्ने घोषणा सार्वजनिक भएको छ। वृक्षरोपण यसै महिनादेखि सुरु गरिने भएको छ। उक्त वृक्षरोपण विशेषगरी खोलानाला, पोखरी र भूक्षय हुने ठाउँहरूमा गरिनेछ। करिब ८ हजार युवा सहभागी रहेको कार्यक्रममा नेपालबाट माटो जोगाऔं अभियानका अभियन्तासमेत रहेका अनिलकेशरी शाहले भने संसारभरिको माटो कसरी जोगाउन सकिन्छ भनेर अभियान चलाउँदै हिँडेको ईशा फाउन्डेसनले नेपालको माटोको विषयमा पनि अध्ययन गरेर प्रतिवेदन पनि बुझाएको छ।

अन्य क्षेत्रको माटोभन्दा नेपालको माटो केही स्वस्थ देखिएको समेत देखिएको सद्गुरुले बताउँदै आएका छन्। थप सुरक्षित बनाउनका लागि नेपाल सरकार र सबै क्षेत्र आआफ्नो स्थानबाट पहलीकरणमा जुट्नुपर्ने बेला भएको छ। माटो जोगाउनुपर्ने प्राकृतिक स्रोत हो भनेर बुझाउनकै लागि कार्यक्रमको आयोजना गरिनु पर्छ। माटो जोगाऔं अभियान माटोको विनाशलाई सम्बोधन गर्नको लागि ईशा फाउन्डेसन नामको लाभरहित मानव सेवी संस्थानका संस्थापक सद्गुरुद्वारा पहल गरिएको विश्वव्यापी अभियान हो।

माटोलाई स्वस्थ राखिरहनको लागि विश्वभरिका मानिसलाई एकजुट गर्नुका साथै उब्जाउयोग्य माटोमा जैविक पदार्थको मात्रा वृद्धि गर्नको लागि हरेक राष्ट्रमा राष्ट्रिय नीति निर्माण र कार्यान्वयन गर्न सबै राष्ट्रका नेतृत्वकर्ताहरूलाई सहयोग गर्ने अभियानको उद्देश्य रहेको छ। माटोको विनाशको संकटलाई सबैसामु छर्लंग पार्नको लागि सद्गुरुले गत मार्चमा २७ राष्ट्रहरूमा एक सय दिने यात्रा सुरु गरेका थिए। यात्राको सुरुवातदेखि ८० राष्ट्रहरूले माटो जोगाऔं अभियानलाई समर्थन गरिसकेका छन्। यो अभियान नेपाल त्यानु सकारात्मक पहल नै हो। जोगाउनका लागि सबैले समाधान खोज्नुपर्ने छाहामीले प्रकृतिलाई थप बिगार्दै छौं। माटोलाई हामीले आमा मान्छौं। हामीले हाम्रो आमाको दूध खाएर बसेका छौं। तिनै आमालाई हामीले अहिले नै जोगाउन लागेनौं भने कहिले जोगाउने ?' सद्गुरुले नेपालले समयमै आफ्नो स्वस्थ माटोलाई चिन्न सकोस् भन्दै नेपाल सरकारको सहकार्यलाई माटो जोगाउन आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| ककर्ट | : मन चञ्चल | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# वालिङका महिला सामूहिक बाख्रापालनमा

**पोखरापत्र संवाददाता**
**वालिङ, १८ भदौ**

यहाँका महिलाले सामूहिक बाख्रापालनमा अग्रसरता देखाएका छन्। स्याङ्जाको वालिङ नगरपालिका ६ भरुवाका महिलाले बाख्रापालन गर्ने उद्देश्यसहित समूह गठन गरी सोहीमार्फत बाख्रापालन थालेका हुन्।

स्थानीय दश महिला आवद्ध भई 'भरुवा महिला बाख्रापालन समूह' दर्ता गरी गत असारबाट व्यावसायिक बाख्रापालन थालिएको हो। आर्थिक उपार्जनसित जोडिदै आत्मनिर्भर हुन सकिन्छ भनेर गाउँका महिला भेला भई समूह बनाएर व्यवसाय थालेको समूहकी अध्यक्ष तुलसीकुमारी थापाले बताउनुभयो।"आँफूलाई वा परिवारलाई आवश्यक पर्ने सामान्य खर्च जुटाउन श्रीमान्मामाथै आश्रित हुनुपर्ने अवस्थाको अन्त्य गर्नुपर्छ भन्ने लाग्यो", उहाँले भन्नुभयो, "गाउँका इच्छुक महिला दिदीबहिनीको समूहमा कुरा राख्यौं, छलफल गर्‍यौं र सामूहिक बाख्रापालन थाल्ने निष्कर्षमा पुगेका हौं।"

गाउँ नजिकै वनजङ्गल हुँदा खासै घाँसको समस्या नहुने र बजारीकरणको समस्या नभएकाले बाख्रापालनलाई व्यावसायिकरुपमा अगाडि बढाउन महिलाहरू सक्रिय भएर लागेका हुन्। "गाउँ नजिकै वनजङ्गल हुँदा पनि घाँसको समस्या छैन", उहाँले भन्नुभयो, "सामूहिकरुपमा बाख्रा चराउन, औषधि उपचारसहित उत्पादन भएका खसी बोका बिक्रीकालागि पनि सहज हुने विश्वासमा छौं।"

समूहमार्फत अहिले दश घरमा ६ देखि १० वटा बाख्रापालन गरिएको छ। सुरुआती चरणमा थोरै सङ्ख्याबाट व्यवसाय थालेपनि आगामी दिनमा सङ्ख्या बढाउने समूहको योजना रहेको सचिव कृष्णचन थापाले बताउनुभयो। "अब परम्परागत होइन, सामूहिकरुपमा उन्नत जातका बाख्रापालनतर्फ अगाडि बढेका छौं", उहाँले भन्नुभयो, "उत्पादन गर्न सके बजारको कुनै समस्या नभएको र तुरुन्तै आम्दानी हुने भएकाले पनि समूहको रोजाइमा बाख्रापालन परेको हो।"

समूह सञ्चालनकालागि बेला बेलामा बैठक तथा छलफल हुने गरेको छ। समूहकै कामको खर्चका लागि मासिकरुपमा एकसय सङ्कलन गरेर सामान्य खर्चहरू चलाउने गरिएको सचिव थापाले बताउनुभयो।

पहिले घर घरमा एक दुईवटा बाख्रापालन गरेका यहाँका महिलालाई व्यावसायिकतातर्फ लाग्न वालिङ नगरपालिकाले अभिप्रेरितगरेकोहो।नगरपालिकाले बाख्रापालनकालागि महिला समूहलाई आवश्यक तालिम, प्राविधिक सल्लाह तथा परामर्श, औषधि, उन्नत जातको घाँसको बीउ उपलब्ध गराएको पशु विकास शाखा अधिकृत देवकुमारी श्रेष्ठले बताउनुभयो ।नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा खोर मर्मत तथा निर्माणकालागि जनही १०/१० हजार नगद र उन्नत जातको एउटा बोयर बोका उपलब्ध गराएको उहाँले बताउनुभयो।

# एक सय एघार पिन्ट रगत संकलन

**पोखरापत्र संवाददाता**
**तनहुँ, १८ भदौ**

'रक्तदान नै जीवन दान हो' भन्ने मूल मर्मका साथ आज आयोजित रक्तदान कार्यक्रममा एक सय ११ पिन्ट रगत सङ्कलन भएको छ।

रगत अभावका कारण कसैले पनि अकालमा ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले रक्तसङ्कलन कार्यक्रम आयोजना गरेको आयोजक लायन्स क्लबले जनाएको छ।

क्लबका जोन चियर पर्सन लायन्स सुजित हीराचनले सामाजिक क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्दै आएको लायन्स क्लबले सामाजिक कार्यलाई केन्द्रित गरी रक्तदान कार्यक्रमको आयोजना गरिएको बताउनुभयो। जिल्लामा रगतको अभाव हुन नदिन पछिल्लो समय विभिन्न सङ्घसंस्थाले रक्तदान कार्यक्रम गर्दै आएका छन्।

# तमानखोला गाउँपालिकाको आफ्नै पालिका गान

**पोखरापत्र संवाददाता**
**बागलुङ, १८ भदौ**

तमानखोला गाउँपालिकाले जिल्लामै पहिलोपटक आफ्नै पालिका गान बनाएको छ। बागलुङको सबैभन्दा दुर्गम पालिकामा रहेको तमानखोलाले पालिकाको मौलिक कला, संस्कृति र पर्यटनलाई समेटेर उक्त गान बनाएको हो।

पालिका गानको रचना खोलेस्बाङ आधार भूत विद्यालयका शिक्षिका बिलाकुमारी घर्ती मगरले गर्नुभएको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बताउनुभयो। गाउँपालिकाले शब्द रचनाका लागि आवेदन खुला गरेकामा सहभागी १२ मध्ये घर्तीको रचना गाउँपालिकाले छनोट गरिएको उहाँको भनाइ थियो।

अध्यक्ष बुढामगरले पालिकाको पहिचान, कला संस्कृतिको सम्मान र पर्यटन प्रवर्द्धनका लागि पालिका गान बनाउन थालिएको बताउनुभयो। उहाँले गीतमा तमानखोला गाउँपालिकाभित्र रहेका कला, संस्कृति र पर्यटकीय ठाउँहरू समावेश भएको उक्त गीतमा स्वर र सङ्गीत भर्ने काम भइरहेको जानकारी दिनुभयो।

"गाउँपालिकाको पहिचानका लागि हामीले पालिका गान बनाउन बनाउन लागेका हौं, यो गीतमा हाम्रा कला संस्कृति, पर्यटकीय ठाउँलाई समेटेका छौं, गीतले पर्यटन प्रवर्द्धन र कला संस्कृतिको संरक्षणमा टेवा पुग्ने विश्वास पनि लिएका छौं", अध्यक्ष बुढामगरले भन्नुभयो, "गीतलाई अझै केही परिमार्जन गर्नुपर्ने छ, सङ्गीत भर्नेलगायत काम हुँदै छ।" गीतको भिडियो पनि निर्माण गर्ने योजना बनाएको उल्लेख गर्दै उहाँले भाषा, कला, संस्कृति र पर्यटनसँग जोडिएको गीत भएकाले सोहीअनुसारको श्रव्यदृश्य बनाइने बताउनुभयो।

# ढिकालेथर सेवा समिति, पोखरा १२ को १४औं वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ भदौ**

ढिकालेथर सेवा समिती, पोखरा १२ को १४औं वार्षिक साधारण सभा शनिवार समितको आफ्नै भवनमा सम्पन्न भयको छ।



साधारणसभाको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं १२ का वडा अध्यक्ष सन्तोष बास्तोलाले सामाजिक क्षेत्रमा ढिकालेथर सेवा समितीले उल्लेख्य कामहरु गर्दै आएको वताए। उनले समाज रूपान्तरणमा समेत यस सस्थाले खेलेको भूमिका प्रति सह्ना गरे। समाजका अध्यक्ष गुप्त बहादुर कार्कीको अध्यक्षतामा भएको साधारण सभामा वडा नं १२ का वडा सदस्यहरु गोविन्द प्रसाद सिग्देल, सान्त बहादुर थापा, शान्ति कोईराला, गोमा परियार, संस्थाका सल्लाहाकारहरु मे.राम बहादुर थापा , वल बहादुर कार्की, सामुदायिक प्रहरी सेवा माटेपानीकी उपाध्यक्ष इन्दीरा पन्त, हरिश्चन्द्र सिर्जनशील मञ्चका अध्यक्ष ऋषभदेव बास्तोला, ढिकालेथर आमा समुहकी अध्यक्ष शान्ति आचार्य, समितिका निवर्तमान अध्यक्ष सूर्यबहादुर के सी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। समितिका उपाध्यक्ष ध्रुव कुमार श्रेष्ठले स्वागत गरेको कार्यक्रमको संचालन सचिव रोशन श्रेष्ठले गरेका थिए। कार्यक्रममा समितिमा आवद्ध सदस्यहरु मध्ये ७०वर्ष उमेर पुगेका जेष्ठ नागरिक सम्मानबाट यस वर्ष चन्द्रकला काफ्लेलाइ दोसल्ला ओढाई सम्मानित गरिएको थियो भने वडा नं १२का जनप्रतिनिधिहरु लाई समेत सम्मान गरिएको थियो।

# गण्डकी प्रदेश स्तरिय भलिबल प्रतियोगितामा नवलपुर र म्याग्दी च्याम्पियन

**पोखरापत्र संवाददाता**
**पोखरा, १८ भदौ**

प्रदेश खेलकुद परिषद गण्डकीले आयोजना गरेको प्रदेश खेलकुदप्रतियोगिता अन्तर्गत शनिबार सम्पन्न भलिबलमा पुरुषतर्फ नवलपुर र महिलातर्फ म्याग्दी टिम च्याम्पियन भएका छन्।



पुरुषतर्फको फाइनल खेलमा नवलपुरले बलियो मानिएको स्याङ्जालाई २-१ सेटमा पराजित गर्दै च्याम्पियन भएको हो। लिग खेलमा तनहुँ संग पराजय भोगेको नवलपुरले सेमीफाइनलमा कास्कीलाई २५-१७, ३१-२९ र २५-१७ ले पराजित गर्दै फाइनलमा स्याङजासंग भेट पक्का गरेको थियो। फाइनलमा नवलपुरले पहिलो सेट ३०-२८ ले स्याङजालाई सुम्पिए पनि पछिल्ला २ सेटमा लगातार स्याङजालाई २५-२३ र तेस्रो सेट ३०-२८ ले आफ्नो पक्षमा पार्दै स्वर्ण पदक जित्न सफल भएको थियो भने उपविजेता बनेको स्याङजाले रजत पदक प्राप्त गरेको छ। पुरुषतर्फ कास्कीले कास्य पदक जितेको छ। शनिबार सम्पन्न खेलमा कास्कीले पर्वतलाई २५-१७, २९-२७ र २५-२३ ले पराजित गर्दै कास्य पदक जितेको हो।

यता महिलातर्फ फाइनलमा नेपाली राष्ट्रिय टोलीकी टिम कप्तान अरुणा शाही सम्मिलित टिम म्याग्दीले पर्वतलाई २५-१८, १३-२५ र २५-१८ ले जित्दै स्वर्ण पदक हात पार्न सफल भएको छ। यस अघि भएको सेमीफाइनलमा म्याग्दीले तनहुँलाई सोभो सेटमा २५-११ र २५-१४ ले पराजित गर्दै पर्वत संग भेट पक्का गरेको थियो। रजत पदक विजेता पर्वतले कास्कीलाई २५-२३ र २५-२१ ले पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो। यसै गरी महिलातर्फ कास्कीले कास्य पदक हात पारेको छ।

कास्कीले तनहुँलाई सोभो सेट २५-१२ र २५-१० ले पराजित गर्दै कास्य पदक हात पार्न सफल भएको हो। विजेता खेलाडी तथा टिम लाई प्रदेश खेलकुद परिषदका उपाध्यक्ष तेज बहादुर गुरुङ, नेपाल भलिबल संघका केन्द्रिय सल्लाहकार नारायण शर्मा, प्रदेश खेलकुद परिषदकी सदस्य शुभ कन्या गुरुङ, गण्डकी प्रदेश भलिबल संघका वरिष्ठ उपाध्यक्ष हरि कुमार श्रेष्ठ, महासचिव टहल सिंह थापा मगर, छनोट समितिका संयोजक नारायण भण्डारीलगायतले मेडल, ट्रफी र प्रमाणपत्र वितरण गरेका थिए।

# वरिष्ठ नेता पौडेलद्वारा निर्माणाधीन सभागृहको अनुगमन

**पोखरापत्र संवाददाता**
**दमौली, १८ भदौ**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले तनहुँको व्यास नगरपालिका-३ बिपी वनवाटिकामा निर्माणाधीन रहेको सभागृहको शनिार अनुगमन गर्नुभएको छ। वरिष्ठ नेता पौडेलले निर्माणाधीन सभागृह, सभागृह प्राङ्गणमा निर्माण गर्न लागिएको विभिन्न संरचनाको अनुगमन गर्नुभएको हो।

अनुगमनका क्रममा वरिष्ठ नेता पौडेलले सभागृहको काम ढिला भएको छिटो काम सक्नेतर्फ ध्यान दिन आग्रह गर्नुभयो। सो क्रममा वरिष्ठ नेता पौडेलले सभागृह प्राङ्गण बाहिर निर्माण हुन लागेको सुरक्षा गार्ड भवन, उद्यानलगायत विषयमा चासो राख्नुभएको थियो।

पुरानो जिल्ला प्रशासन कार्यालय तनहुँको भवन भत्काएर सोही ठाउँमा सुरक्षा गार्ड बस्ने भवन निर्माण सुरु भएको छ। सभागृहको सुरक्षाका लागि सुरक्षा गार्डका लागि भवन निर्माण थालिएको जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले जानकारी दिनुभयो। सभागृह वरपर कम्पाउण्ड पनि निर्माण भइरहेको छ। सभागृह बाहिरपट्टि उद्यान पनि निर्माण गर्ने लक्ष्य रहेको वाग्लेले बताउनुभयो।

अनुगमनका क्रममा गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोवाटे विश्वकर्मा पनि सहभागी हुनुहुन्थ्यो। विसं २०७४ माघ २८ गतेदेखि निर्माण सुरु भएको भवन कोरोना कहरका कारण ढिलाइ भएको थियो। विसं २०७७ असार १५ गतेभित्र सम्पन्न गर्नुपर्ने उक्त भवन कोरोनाको चपेटामा परेको थियो। भ्याटबाहेक रु २३ करोड ६२ लाख ४३ हजार तीन सय ३१ को लागतमा भवन निर्माण भएको थियो। सभाहल निर्माण सम्पन्न भएको मितिदेखि एक वर्षसम्म मर्मतसम्भारको अवधि राखिएको छ। सात सय ५० क्षमता भएको सभाहलको बेस ग्राउण्डमा २० कार तथा ७० मोटरसाइकल पार्किङ गर्न सकिनेछ। उक्त भवनमा मुख्य सभाहलबाहेक एक सय ५० क्षमताको सेमिनार हल निर्माण हुनेछ। सभाहल बाहिर फाउन्टेन सहितको भिआइपी पार्किङस्थल रहनेछ। सभाहल ५३ मिटर लम्बाइ, १५ उचाइ र २५.५ चौडाइको हुनेछ।

# डा आरजु राणा बागलुङ क्षेत्र नं २ बाट सिफारिस

**पोखरापत्र संवाददाता**
**बागलुङ, १८ भदौ**

नेपाली कांग्रेस बागलुङले बागलुङ क्षेत्र नं २ बाट प्रधानमन्त्री पत्नी डा आरजु राणा देउवासहित १० जनाको नाम सिफारिस गरेर पठाएको छ।

नेपाली कांग्रेस बागलुङ क्षेत्र नं २ को आज बसेको बैठकले डा आरजु राणा देउवासहित नेपाली कांग्रेस सभापति जीत शेरचन, गणेश शेरचन, टेकराज पौडेल, देवीप्रकाश भट्टचन, दोर्णकुमार कुँवर, नरबहादुर पुन निरज, रामप्रसाद आचार्य, डा शान्तराज आचार्य र सिंहबहादुर राणाको नाम सिफारिस गरिएको बागलुङ क्षेत्र नं २ का क्षेत्रीय सभापति जोकलाल बुढाले जानकारी दिनुभयो। बुढाका अनुसार बागलुङ क्षेत्र नं २ मा नेपाली कांग्रेस बलियो सङ्गठन रहेको भन्दै गठबन्धमा भागबण्डा मिलाउँदा उक्त क्षेत्र कांग्रेसले पाउनुपर्ने बताउनुभयो।

